ाज मिति २०७७ साल फाल्गुन २६ गते बुधबार बिहान ११:०० बजे गाउँपालिकाको सभाहलमा स तीनपाटन गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा बसेको गाउँ ार्यपालिका बैठकमा देहाय बमोजिमको उपस्थितिमा तपसिलका प्रस्तावहरुमाथि छलफल गरी र्णय गरियो ।

**–उपस्थिति–**

| सि.नं. | पदाधिकारीका नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | अध्यक्ष | |
| २. | श्री पदम माया तामाङ | उपाध्यक्ष | |
| ३. | श्री विष्णु प्रसाद सुवेदी | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | श्री गोबिन्द बहादुर राउत | कार्यपालिका सदस्य | |
| ५. | श्री हेम बहादुर श्रेष्ठ | कार्यपालिका सदस्य | — |
| ६. | श्री लाल बहादुर स्याङ्तान | कार्यपालिका सदस्य | |
| ७. | श्री खड्ग बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| ८. | श्री दिनेश कुमार रमौली | कार्यपालिका सदस्य | |
| ९. | श्री वीर बहादुर पुलामी | कार्यपालिका सदस्य | |
| १०. | श्री कोमल बहादुर खपाङ्गी | कार्यपालिका सदस्य | |
| ११. | श्री रेखराज अधिकारी | कार्यपालिका सदस्य | |
| १२. | श्री शेर बहादुर मगर | कार्यपालिका सदस्य | |
| १३. | श्री पुण्यहरि भुजेल | कार्यपालिका सदस्य | |
| १४. | श्री हितलाल श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५. | श्री जगदिश्वर तोलाङ्गी | कार्यपालिका सदस्य | |
| १६. | श्री दुधकुमारी ठकुरी | कार्यपालिका सदस्य | |
| १७. | श्री देवमाया श्रेष्ठ | कार्यपालिका सदस्य | — |
| १८. | श्री भगवति कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य | — |
| १९. | श्री गीतामाया थापा | कार्यपालिका सदस्य | |
| २०. | श्री टेक बहादुर परियार | कार्यपालिका सदस्य | |

सहजकर्ता : श्री जीतेन्द्र गिरी अधिकृत छैठौं

श्री प्रेम बहादुर लुंगेली कृ. अ.

श्री पदम बहादुर तामाङ डा.पि.

## मिति २०७७/११/२६ गते बुधबार बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु:

| क.सं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| १. | भूमि समस्या समाधान सम्बन्धी सहजीकरण समिति गठन गर्ने सम्बन्धमा । | १.भूमिहीन, दलित, अव्यवस्थित बसोवास सम्बन्धी समस्या समाधान गर्न भूमि आयोगसँग यस गाउँपालिको सम्झौता भए बमोजिम यस गाउँपालिका क्षेत्र भित्र उक्त कार्यमा सहजीकरण गर्न गाउँपालिका अध्यक्षको संयोजकत्वमा देहायका सदस्यहरु रहने गरी एक सहजीकरण समिति गठन गर्ने ।<br>**सहजीकरण समिति:**<br>संयोजक : श्री कर्ण बहादुर मगर, गाउँपालिका अध्यक्ष<br>उपसंयोजक : श्री पदममाया तामाङ, गाउँपालिका उपाध्यक्ष<br>सदस्य : श्री छत्र बहादुर दाहाल, अध्यक्ष, ने.क.पा. एमाले<br>सदस्य : श्री सोम प्रसाद घिमिरे, सभापति, नेपाली काँग्रेस<br>सदस्य : श्री धन बहादुर पुलामी, अध्यक्ष, एनेकपा माओवादी<br>सदस्य : श्री देव माया श्रेष्ठ, कार्यपालिका सदस्य<br>सदस्य : दुई जना सदस्य संयोजकले तोके बमोजिम हुने<br>सदस्य-सचिव : श्री विष्णु प्रसाद सुवेदी, प्रमुख प्रशासकीय अधिकृत |
| २. | प्राथमिक स्वास्थ्य केन्द्रका चिकित्सकको तलब भत्ता सम्बन्धमा । | २. चिकित्सकको तलब भत्ता सम्बन्धमा देहाय बमोजिम गर्ने :<br>(क) प्राथमिक स्वास्थय केन्द्र, लाम्पनटारमा चिकित्सकको अभावका कारण नवनिर्मित प्राथमिक स्वाथ्य केन्द्र सन्चालन गर्न कठिनाई भएको, यस अघि स्वास्थ्य विभागबाट छात्रवृत्तिमा खटाइ पठाइएका डा.अभिषेक चौहानको २०७७ भदौमा अवधि समाप्त भएको, विभागमा चिकित्सक पठाइदिन माग भएको, हाल सम्म विभाग/मन्त्रालयबाट चिकित्सकको व्यवस्था हुन नसक्दा स्वास्थ्य सेवा सन्चालनमा बाधा सिर्जना भएकोले यस अघि यसै केन्द्रमा छात्रवृत्तिमा सेवा करारमा खटाइएका डाक्टर नै कार्य गर्न इच्छुक भएको हुँदा निजले यस अघि खाइपाई आएकों तलव रु. ४०,०००।- (चालिस हजार) हाजिर भई कार्य सुरु गरेको मिति देखि उपलब्ध गराउने, लाम्पनटार र बेलघारीका चिकित्सक तथा निजको सहायकको भत्ताको हकमा यस अघिको कार्यपालिकाको निर्णयानुसार गर्ने । सो तलब भत्ता भुक्तानी विपद् (कोरोना) कोषबाट प्रदान गर्ने । |

| | |
|---|---|
| | (ख) दरबन्दीमा रही छात्रवृत्तिमा अध्ययन गर्नु भएका चिकित्सक डा. सुदीप कुमार ठाकुरको दरबन्दी स्वास्थ्य केन्द्रमा रहि रहेको सो दरबन्दीमा हाल सम्म अन्य कोही चिकित्सक खटाइ नपठाइएकोले उक्त दरबन्दी मन्त्रालय/विभागमा सार्न लेखी पठाउने साथै उक्त दरबन्दी बमोजिमको तलब भत्ता उपलब्ध गराउन माग गर्ने । |
| प्रदेश समपूरक तथा विशेष अनुदानका योजना छनौट गर्ने सम्बन्धमा । | ३. प्रदेश समपुरक र विशेष अनुदानका लागि देहाय बमोजिम योजना छनौट गरी पठाउने :<br>(क) समपुरक योजना<br>(१) बाङ्गेटार-भालुखोला-काडाङ पुल<br>(२) जरायोटार-भालुखोला-मझुवा पुल<br>(३) सेतीपहिरे-चकमके बजार नदी नियन्त्रण<br>(४) लाम्पनटार-सुन्दरफाँट-चकमके-माथिल्लो बजार-परासे-लाम्पनटार सहर विकास योजना<br>(ख) विशेष योजना<br>(१) ऐतिहासिक ढुङ्ग्रेगढी संरक्षण |
| खानेपानी, सरसफाइ तथा स्वच्छता नीति तथा कार्यविधि, २०७७ सम्बन्धमा । | ४. खानेपानी, सरसफाइ तथा स्वच्छता नीति तथा कार्यविधि, २०७७ अध्ययन गर्न विधायन समितिमा पेश गर्ने । |
| महिला सुरक्षित घर (Safe House) को लागि रकम उपलब्ध गराउने सम्बन्धमा । | ५. सिन्धुली जिल्ला सदरमुकाममा रहेको महिला सुरक्षित घर (Safe House) को लागि विपद् व्यवस्थापन कोषबाट रु. ५०,०००।- (पचास हजार) उपलब्ध गराउने । |
| शिक्षक (विज्ञान, गणित र अंग्रेजी) अनुदान उपलब्ध गराउन शिक्षक छनौट गर्ने सम्बन्धमा । | ६. संघीय सशर्त अनुदान अन्तर्गत प्राप्त रकम शून्य दरबन्दी भएका विद्यालयहरुलाई उपलब्ध गराउन अध्यापन अनुमति प्रमाण पत्र प्राप्त गरेका विज्ञान, अंग्रेजी र गणितका शिक्षकहरुको छनौट गर्न प्रथम पटक विज्ञापन जारी गर्न विद्यालयलाई अनुमति दिने । विज्ञापन गर्दा समेत अध्यापन अनुमति प्राप्त गरेका शिक्षक छनौट हुन नसके सम्बन्धित विषयका योग्यता पुगेका शिक्षक उम्मेदवारलाई छनौट गरी नियमानुसार अनुदान उपलब्ध गराउने । |
| आप्रवासी सेवा केन्द्र, सिन्धुलीको भवन निर्माणको | ७. आप्रवासी सेवा केन्द्र, सिन्धुलीको भवन निर्माणको लागि टेण्डर पश्चात एकीन हुन गएको रकम समपूरक |

| | | |
|---|---|---|
| | लागि आवश्यक सहयोग गर्ने सम्बन्धमा । | कोषबाट खर्च हुने गरी सहयोग गर्ने । |
| ८. | वैदेशिक रोजगार सम्बन्धी गाउँपालिकाको प्रोफाइल निर्माण सम्बन्धमा । | ८. सामी परियोजनासँगको सहकार्यमा यस गाउँपालिकाको वैदेशिक रोजगार सम्बन्धी प्रोफाइल तयार गर्न आवश्यक सहयोग गर्ने । |
| ९. | प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालन सम्बन्धमा । | ९. यस आ.व.को प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालन गर्न निम्न बमोजिम गर्ने:<br>(क) यो कार्यक्रम उपभोक्ता समिति मार्फत गाउँपालिकासँग बजेट साझेदारीमा सन्चालन गर्ने ।<br>(ख) उपभोक्ता समितिको मुख्य पद अध्यक्ष, सचिव र कोषाध्यक्षमा यसै आ.व.मा गठित अन्य उपभोक्ता समितिमा समावेश नभएका व्यक्तिहरु हुनुपर्ने । |
| १०. | उपाध्यक्ष इन्टर्नसिप कार्यक्रम तथा उपाध्यक्ष छात्रवृत्ति कार्यक्रममा सदस्य थप गर्ने सम्बन्धमा । | १०. उपाध्यक्ष इन्टर्नसिप कार्यक्रम तथा उपाध्यक्ष छात्रवृत्ति कार्यक्रममा २ (दुई) जना कार्यपालिका सदस्यमा वडा नं. १० र ११ का वडा अध्यक्ष (कार्यपालिका सदस्य) छनौट गर्ने । |
| ११. | प्राथमिक स्वास्थ्य केन्द्र भवन, आवास तथा स्टोर निर्माण गर्ने सम्बन्धमा । | ११. स्वास्थ्य केन्द्र भवन लागि स्वास्थ्य विभागबाट प्राप्त १५ शैय्याको अस्पतालमध्ये हाल १० शैय्याको अस्पताल भवन तयार भइसकेकोले बाँकी ५ शैय्याको भवन निर्माण गर्न यसै लाम्पन्टार स्वास्थ्य केन्द्रको जग्गा उपयोग गर्ने । साथै स्वास्थ्य भवन पूर्वाधारको डिंजाइन तथा निर्माण सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७७ बमोजिम स्वास्थ्य आवास भवन तथा स्टोर यसै प्राथमिक स्वास्थ्य केन्द्रको पाँच सय मिटर मोटरबाटोको दूरीभित्र रहेको गाउँपालिकाको प्रशासनिक भवन नजिकै रहेको गाउँपालिकाको जग्गामा निर्माण गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा निर्धारित डिजाइन साथ सिफारिस गरी पठाउने । |